# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बडाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल।

## कार्यसम्पादन मूल्याङ्कन फाराम भरी पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतका शाखा कार्यालयहरू, ७ वटै वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूमा कार्यरत सम्पूर्ण करार कर्मचारीहरूको **"करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८"** बमोजिम कार्यसम्पादन मूल्याङ्कन गरी नयाँ अवधिको लागि करार अवधि थप सम्बन्धी निर्णय गर्नुपर्ने भएकाले सम्पूर्ण करार कर्मचारीले उक्त मापदण्डले तोकेको अनूसूची १ बमोजिमको फाराम २ प्रति भरी यस गाउँपालिकाको कार्यालयमा मिति २०७९।०९।०७ सम्ममा पेश गर्नुहुन अनुरोध छ। साथै सशर्त अनुदानबाट सेवा सुविधा पाउनेगरी नियुक्त भएका रोजगार सेवा केन्द्र, पञ्जीकरण शाखा लगायतका कर्मचारीको हकमा सम्बन्धित सेवा शर्त सम्बन्धी कानूनमा भएको व्यवस्था बमोजिम तोकिएको ढाँचामा कार्यसम्पादन मूल्याङ्कन फाराम भरी पेश गर्नुहुन तथा नतोकिएको भएमा उल्लेखित अनुसूची १ बमोजिमको ढाँचामा नै फाराम भरी पेश गर्नुहुन अनुरोध छ। तोकिएको समयसीमाभित्र तोकिएको ढाँचामा फाराम भरी पेश नगर्ने कर्मचारीको हकमा करार अवधि थप सम्बन्धी कुनै निर्णय नगरिने व्यहोरा समेत अनुरोध छ। कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी फारम अनुसूची १ यस गाउँपालिकाको वेवसाइट www.lumgrimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

२०७९।०८।२८

मिति: २०७९।०८।२८

(धर्मराज बुढा)

प्रमुख प्रशासकीय अधिकृत

धर्मराज बुढा
प्रमुख प्रशासकिय अधिकृत